# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 19 No 7 Monthly International Edition of Herald of His Coming July 2018
वर्ष १९, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०७५)


# क्षमाले हृदयको चोटलाई निको पार्छ

## Forgiveness : Healing The Hurts of Your Heart

**By Bill Elliff**

Vol 76 No 9(909)

चोटले भरिएको हृदयमा तितोपनाको विकास हुन्छ। विषालु रक्सीले जस्तै तितोपनाले हाम्रो प्राण, आत्मा र शरीरलाई बिगार्दछ। तितोपनाले हाम्रो शान्ति र आनन्दलाई चोरेर लैजान्छ। तितोपनाले हामी जना नखोजेको ठाउँमा लैजान्छ, असल गर्न खोजेको काम गर्न दिँदैन र हामी बन्न नचाहेको मानिस हामीलाई बनाउँछ।

मैले एउटा आफ्नो तितोपनाको परिस्थिति महसुस गरेको व्यक्तिलाई भेटेको छु। कोही पनि आफूले आफैलाई यस्तो परिस्थितिमा लैजान चाहँदैन। तितोपना शब्द एकदमै भयानक सुनिन्छ। यो कसैले पनि चाहँदैन। तितापनामा जानुभन्दा पहिला नै यसबाट सुरक्षित रहनु असल हुन्छ। तितोपनाबाट जाँदा कस्तो हुन्छ भनेर मलाई राम्रोसँग थाहा छ। मैले धेरैजना तितोपनामा डुबेको मानिसलाई सरसल्लाह दिएको छु। अरूको तितोपना म थाहा पाउन सक्छु तर म आफ्नै तितोपना थाहा पाउँदिन। कहिलेकाहीँ तितोपनाको गलत अर्थ लगाइयो भने यसले मानिसको बीचमा विभाजन ल्याउँछ। जसलाई धेरै चोट लागेको हुन्छ त्यसमा धेरै तितोपना हुन्छ भन्ने सोच्नु गलत हो। वास्तवमा मानिसको हृदयमा लागेको चोट क्यान्सरको सेलजस्तै हुन्छ। जसले बलियो मानिसलाई पनि बिरामी पार्न सक्छ। तपाईंले यस्तो प्रकारको तितोपनालाई आफ्नो शरीरमा पाउनुभयो भने के गर्नुहुन्छ ? के तपाईंको हृदयमा यस्तो प्रकारको चोट आएर तपाईं उदास भएको देख्न सक्नुहुन्छ ? यदि सैतानले तपाईंको हृदयमा तितोपना राख्न सक्यो भने यो सानो या ठूलो होस् त्यसले तपाईंको हृदयमा तितापनाको ढोका खोलिदिन्छ।

के तपाईंले आफ्नो हृदय र सोचाइलाई बाइबलमा पढ्नुभएको जस्तै नम्र पार्नुभएको छ ? यदि तपाईं केही कुराबाट पीडित हुनुहुन्छ भने तपाईंले पूर्ण रूपमा होसियारी साथ प्रार्थना गर्नुपर्छ। "प्रभ यदि मेरो हृदयमा कुनै कुराको तितोपना छ भने मलाई आज नै देखाइदिनुहोस्।"

हामीले हाम्रो जीवनमा तितोपना देख्दैनौ तापनि अरूको उपस्थितिमा यसले प्रभाव पारेको हुन्छ। हिब्रूका लेखकले तितोपनाको बारेमा यसरी लेख्दछन्, "ध्यान दिऔं कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस् ताकि तितोपनाको जरो उम्रेर आईकन त्यसले फुट नल्याओस् र धेरै जनालाई नपारोस्।" (हिब्रू १२ : १५)

### तितोपना सधैं उम्रिरहन्छ

यदि हामी केही चोटदेखि होसियार रह्यौ र यसलाई भित्रै राख्न खोज्यौं भने पनि यो हाम्रो मनदेखि थोरै थोरै बाहिर निस्किन सक्छ। चोटलेजीउने तरिकालाई सत्यतामा ल्याउन सक्छ र साँचो जीवनमा देखिन सक्छ। धेरै वर्ष अगाडि म सहर बाहिर एकजना साथीकोमा थिएँ। घर छोड्नुभन्दा अगाडि म मेरो साथीलाई त्यो कुरा भन्न बिर्सिएँ कि मेरो बगैंचामा एउटा फूल रोपेको छु। जब म साथीकोबाट फर्के र त्यो फूल हेर्दा मरेको जस्तो देखिन्थ्यो तर जब गर्मी मौसम लाग्यो त्यसबाट

फेरि हाँगा पलाएर माथि आयो किनकि त्यसको जरा मरेको थिएन। त्यस्तै हाम्रो हृदयमा लागेका चोटहरू पनि साँचो प्रकारले जरैदेखि उखेलेर फाल्न सकेका छैनौं भने बाहिरी भागमा त तितोपना मरेको जस्तो देखिन्छ तर जब यसले फेरि असल वातावरण पाएपछि उम्रिन थाल्छ र हाम्रो जीवनमा तितोपनाले हाँगा हाल्छ।

**तितोपनाले दुःख ल्याउँछ**

तितोपना तपाईंको हृदयमा छ भने तपाईंको बानीबेहोरामा परिवर्तन ल्याउँछ जस्तै त्यो व्यक्ति चिन्तामा डुब्छ र आफैलाई तुच्छ ठान्छ, रिसाहा हुन्छ र डराउने साथै चिन्तिता हुन्छ। यसको क्रियाकलाप डरलाग्दो हुन्छ। साथै अरूको कुरा काट्ने, रिसाइरहेको स्वभाव देखाउने र डाही स्वभाव भएको हुन्छ। कसैलाई पनि दोस्रो पटक चोट पुगेको मन पर्दैन। यदि एउटा कुकुरले तपाईंलाई टोक्छ भने तपाईं फेरि त्यस कुकुरको नजिक जान मन पराउनु हुँदैन किनकि तपाईंलाई पहिलेकै दुःखदायी घटनाको याद हुन्छ र त्यसबाट बचन सोचिरहनुभएकोहुन्छ। यो चाहिँ आपसे आफ हाम्रो स्वभावमा आइरहेको हुन्छ। यसले हामी को हौं र के गर्नुपर्छ भन्ने कुरामा सचेत गराउँछ।

के तपाईं त्यस्तो प्रकारको मानिस हुनुहुन्छ ? के तपाईंले तपाईंको रिसको झोकमा कसैलाई दुःख दिनुभएको छ ? के तपाईंले अरू कसैलाई बेइमानी प्रकारले दुःख दिनुभएको छ ? के तपाईंलाई अरूलाई अर्थ विना नै उत्तेजित बनाउनुभएको छ कि ? के तपाईंले अरूलाई तपाईंसँग नजिक हुन नसक्ने कारण बन्नुभएको छ कि ?

यी सबै बानीबेहोराहरू कहिलेकाहीँ जन्मजात हामीले लिएर आएका हुन्छौं जसले गर्दा अरूले थाहा नपाई हामीले उनीहरूलाई चोट पुऱ्याएका हुन्छौं। जब हाम्रो भित्री हृदयमा चोट लाग्छ, यसले हामीलाई लामो समयसम्म तितोपना दिइरहेको हुन्छ साथै यसले हाम्रो आफन्तहरूसँगको तितोपना भएको कारण उसको जीवनमा ऊ सधैं पछुताइरहन्छ।

**तितोपनाले धेरैलाई प्रदूषित बनाउँछ**

तितोपना संसर्ग निषेधावधि जस्तो होइन। यो त महामारी जस्तै फैलिन्छ। एउटा तितोपना भएको व्यक्तिले आफू वरिपरि सबै व्यक्तिहरूमा तितोपना फैलाउँछ। चोट लागेको व्यक्तिले अरूलाई पनि चोट पुऱ्याउँछ। यसले सम्पूर्ण परिवारलाई नै प्रदूषित बनाउँछ। यो एउटा पुस्तादेखि अर्को पुस्तासम्मै भइरहन सक्छ। गन्तीको पुस्तकमा यसरी लेखिएको छ, "परमप्रभु रीस गर्नमा धैर्यवान् र अति करुणामय, अधर्म र अपराध क्षमा गर्ने तर दोषीलाई कुनै रीतिले निर्दोष नठहऱ्याउने, पिता-पुर्खाका अधर्मको सजाय उनीहरूका तेस्रो र चौथो पुस्तासम्म पनि दिने हुनुहुन्छ। (गन्ती १४ : १८) मलाई एकजना तीतोपना भएको मानिसको बारेमा थाहा छ। उसको बारेमा मैले खोज्दै जाँदा, उसको हृदयमा ४० वर्षदेखि चोट लागेको थाहा पाएँ। उसको जीवन तितोपनाको जराबाट उम्रिएको रहेछ। यसले मलाई कुनै पनि अचम्मित बनाएन किनकि उसको छोरो र नातिले पनि त्यो तितोपनाको आत्मा बोकिरहेका थिए। यो भन्दा बढी कठोर न्याय के हुनसक्छ कि आफ्नो तितोपनाका कारण आफूलाई माया गर्ने व्यक्तिहरूलाई पनि त्यही तितोपना आउँछ भने ?

तितोपनाले सधैं दुःख ल्याउँछ, हामीलाई प्रदूषित बनाउँछ र यो उम्रिँदै र बढ्दै जान्छ। तपाईंले तितोपना सम्हालेर राख्नुभयो भने त्यसले धेरै प्रभाव पार्दैन भन्ने सोच राख्नुभएको छ भने त्यो गलत हो। यसले तपाईंको जीवनमा कति असर पार्छ भन्न कुरा तपाईंले नाप्न पनि सक्नु हुँदैन। यदि तपाईंले प्रार्थनाद्वारा यो जीवनलाई अगाडि बढाउनुहुन्छ भने तितोपनालाई प्रार्थनाको जीवनले निर्मूल पार्न सक्छ।

के आफ्नो चोटलाई समातेर राख्नु गलत हो ? के यस्तो प्रकारको तितोपनाले आफ्ना भावी सन्ततिलाई असर गर्नु राम्रो हो ?

**हृदयको चोटको समाधान**

चोट लागेको हृदयलाई निको पार्नकालागि एउटा मात्र उपाय परमेश्वर हुनुहुन्छ। तपाईंको तितोपनालाई परमेश्वरले लिन सक्नुहुन्छ जब तपाईं हृदयदेखि परमेश्वरप्रति धन्यवादी हुनुहुन्छ। जब तपाईंको सबै काम परमेश्वरमा सुम्पिनु हुन्छ अनि मात्रै तपाईंको सेवकाईमा परमेश्वरले साथ दिनुहुन्छ। जब हाम्रो जीवनलाई परमेश्वरको बाटोमा ल्याउँछौं र हाम्रा सबै दुःखहरू इमानदारीपूर्वक परमेश्वरको महिमाको निम्ति आफू नम्र भएर उहाँको अनुग्रहमा हाम्रा सबै तितोपनाहरू मेटाइ सेवा गर्न सक्छौं।

**(१) आफ्नो पापलाई पत्ता लगाउनु र उहाँमा सुम्पनु :** कसैले सोचेका हुन्छन् कि मैले पाप गरेको होइन तर अरूले मेरो विरुद्धमा पाप गरेको हो, त्यसैले उसैले आफ्ना पापहरूलाई स्वीकार गर्नुपर्छ। यो ठीकै हो। तर

तपाईंको हृदयलाई निको पार्न अरूले गरेको पश्चातापमा पर पर्नु हुँदैन । तपाईंले रिस उठेको व्यक्तिलाई परिवर्तन गर्न सक्नु हुँदैन तर परमेश्वरको अनुग्रहले तपाईंको स्वभालाई परिवर्तन गर्न सक्नुहुन्छ । चोट लागेको कारणले यदि तपाईं रिसाउनुभएको छ वा तपाईंमा तितोपना छ भने तपाईंले पाप गर्नुभयो । जब पाप र दोषलाई तपाईंले लुकाउनुहुन्छ तब त्यसले तितोपना ल्याउँछ । त्यसैले तपाईंले आफ्ना पापहरू पत्ता लगाएर परमेश्वरमा सुम्पनु आवश्यक छ ।

**(२) क्षमा दिएर मुक्त होऊ :** यदि तपाईंलाई कसैले दुःख दिएर तपाईंको हृदयमा तितोपना आएको छ भने कुनै पनि सर्त बिना क्षमा दिएर तितोपना घटाउनुहोस् । यो बाहेक हरू कुनै उपाय छैन । पावलले कोरिन्थीको पुस्तकमा यसरी भनेका छन्, “प्रेम हठी हुँदैन, न ढिट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन । (१ कोरिन्थी १३ : ५) पावले यहाँ जसले असल प्रेम गर्छ त्यसले सर्त बिना नै गर्न सक्छ भन्ने कुरालाई प्रस्ट्याउन खोजेका छन् । साँचो प्रेम गर्नेलेसबै कुरा क्षमा गरेर उसलाई ऋण मुक्त गराएको हुन्छ ।

यदि कसैले हामीलाई चोट पुऱ्याउँछ भने हामी सधैं उसको नाम नकारात्मक प्रकारले लिइरहेका हुन्छौं तर हामीले उसलाई ख्रीष्टिय प्रेमद्वारा प्रेम गर्न चाहन्छौं भने विना शर्त प्रेम गर्नु पर्छ । रोमीको पुस्तकले हामीलाईयसरी भन्दछ कि, “कसैलाई खराबको सट्टा खराब नगर । जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ तिनमा ध्यान देओ । हुनसक्छ भने, सकेसम्म शान्तिमा बस । प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ । किनभने, लेखिएको छ, बदला लिने काम मेरो हो, म नै बदला लिनेछु परमप्रभु भन्नुहुन्छ । बरु तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ । त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्ने छौ । खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाईले जित ।” (रोमी १२ : १७ - २१)

जब हामीलाई चोट लाग्छ त्यसबाट निस्कने २ वटा उपायहरू छन् (क) कि हामीले यसलाई हाम्रो हृदयमा राखेर त्यसबाट निहुँ खोज्ने र लडाईं गर्ने (ख) कि सबै कुरालाई परमेश्वरको हातमा राखेर उसलाई क्षमा दिने ।

कहिलेकाहीँ हामी अरूको सबै दोषलाई संकलन गरेर देखाउँदछौं र भइरहेको सम्बन्धलाई तोडिदिन्छौं । सधैं जसले हामीलाई चोट पुऱ्याएको छ त्यसलाई कुरा काटिरहेका हुन्छौं । यस्तो त्यस्तो भनेर दोष दिइरहेका हुन्छौं । उसलाई सधैं घृणाको भावनाले हेरिरहेका हुन्छौं । आफूले कति नै धार्मिकताको छालाले छोपिएर अरू पापी, अधर्मी, दोषी, नराम्रो मात्र भनिरहेका हुन्छौं । तर बाइबलले त यसको ठीक विपरीत भन्दछ । (मत्ती ५ : २१-२२) यदि हामीले अरूलाई दोषी ठहऱ्याएका छौं भने त्यो भन्दा पहिले आफू नै दोषी भएका हुन्छौं । तर परमेश्वरलाई सबै थाहा छ । उहाँले नै न्याय गर्नुहुनेछ । जब हामी आफैले आफैलाई न्याय गर्दछौं । तर त्यो काम त उहाँको ।

तर क्षमा दिनु भनेको हाम्रो भावना मात्र नभएर यो हाम्रो इच्छा पनि हो । एकचोटि एकजना साथीले मलाई भनेको थियो र म मेरो साथीलाई दोष दोष लगाइरहेको थिएँ । परमेश्वरले मात्र यो दोषलाई निको पार्न सक्नुहुन्छ नत्र अरू कसैले पनि मेटाउन सक्दैन तर परमेश्वरले त सधैं क्षमा दिनुहुन्छ । तपाईं र म पनि त्यसको लागि तयार हुनुपर्छ । क्षमा भनेको भावना मात्र नभएर भित्र हृदयदेखि चाहनु पनि पर्छ । यो हाम्रो रोजाई हो क्षमा दिने कि नदिने भन्ने । कसैले हामीलाई चोट त पुऱ्यायो तर त्यो सबै प्रकारको उसले दिएका चोटलाई सँगालेर राख्ने र घरिघरि त्यसैको सम्झना गर्ने हो भने त्यसलाई क्षमा मानिँदैन । यदि हामीले यो बाइबलीय सिद्धान्तलाई पछ्याउँछौं भने यसले मानिसलाई कहिल्यै पनि पछाडि बनाउँदैन । यसले हामीलाई सबै किसिमका पापहरूलाई क्षमा दिएर शुद्ध र पवित्र भई अरूलाई अँगाल्न सक्ने बनाउँदछ । के तपाईंले उहाँसँगको संगतिलाई अरूलाई क्षमा नदिएको कारण वञ्चित हुनुभएको छ ? यदि तपाईं संगतिदेखि टाढा हुनुहुन्छ भने तपाईंले परमेश्वरले दिनुभएको अनुग्रहलाई बुझ्नु भएको छैन, त्यसैले तपाईंको साथीलाई क्षमा दिन सक्नुभएको छैन, जसले गर्दा परमेश्वरको नजिक हुन रोकेको छ । तपाईंले आफ्नो साथीलाई क्षमा दिननसक्नु भनेको परमेश्वरको विरुद्धमा हुनु हो । तपाईंले हृदयको अहमपनलाई हटाउन सक्नुभएका छैन ।

त्यसो हो भने के गर्नुपर्ला ? विचार गरौं ।

**(३) परमेश्वरसँग पवित्र प्रेम गर्नलाई माग्नुहोस् :** हामीलाई एक अर्कालाई प्रेम गर भनेर सिकाइएको छ ।

शत्रुलाई पनि प्रेम गर भनिएको छ । ( मत्ती ५ : ३८ - ४८) तपाईंले सोच्नुहोला यो सम्भव छैन । यदि परमेश्वर आफैँ हुनुभएन भने हामी सक्दैनौं । यदि तपाईं परमेश्वरको नजिकतामा आउनुहुन्छ भने पवित्र आत्माले तपाईंलाई शत्रुलाई पनि प्रेम गर्नलाई उत्तेजित पार्नुहुन्छ । तपाईंको हृदयलाई नै परिवर्तन गराउनुहुन्छ (१ यूहन्ना ४ : १७ - ८) त्यसैले यदि तपाईं पूर्ण रूपमा उहाँमा समर्पण हुनुहुन्छ, तपाईंको हृदयमा खीष्टको प्रेम भरिँदै जान्छ र तपाईंभित्र भएका ती अरूलाई प्रेम गर्न नसक्ने सबै थोकलाई मेटाइदिनुहुन्छ र तपाईंले सबै हिजोका सबै नकारात्मक थोकलाई बिर्सनुहुन्छ । हिजोसम्म तपाईंले जुन व्यक्तिलाई शत्रुलाई जस्तै हेर्नुभएको छ त्यसलाई प्रेमको भावना हेर्न थाल्नुहुन्छ । तपाईंको हृदयमा आत्माका फलहरू फल्न सुरु गर्दछन् जुन चाहिँ गलाती ५ : २२ - २३ मा दिएकोछ । त्यसले तपाईंको हृदयलाई पूर्ण रूपमा ढाकिदिन्छ । (गलाती ५ : ८८) मो हामीले सोच्न पनि सक्दैनौं ।

के तपाईं परमेश्वरलाई मेरो हृदयमा तपाईंको प्रेमले भर्नुहोस् भनेर माग्नुभएको छ ? जसले तपाईंलाई चोट पुऱ्याएको छ, विशेष गरेर तपाईंले उसलाई आफ्नो शत्रुजस्तो सम्झनुभएको छ । यदि तपाईं प्रभुसँग एक हुनुभएकु छ भने तपाईंले उहाँको आत्मा तपाईंको जीवनमा खन्याउनुभएको पत्ता लगाउनु हुनेछ र मण्डलीमा तपाईंको जीवनबाट धेरै असल काम भएको तपाईंले पनि महसुस गर्नुहुनेछ र तपाईंलाई अरूले पनि असल गरेको वा तपाईंको जीवनबाट पवित्र आत्माका फल फल्दै गएको देख्नेछन् । त्यसबाट परमेश्वरको बढीभन्दा बढी महिमा हुनेछ ।

**(४) अनुभवको लागि धन्यवाद परमेश्वर :** परमेश्वरलाई धन्यावाद दिनु र धन्यवादी हुनुमा केही फरक छ । कहिलेकाहीँ हामी धन्यवादी हुन पनि सक्छौं तर परमेश्वरलाई धन्यवाद दिन बिर्सन हुँदैन । १ थिस्लोनिकी ५ :१८ अनुसार "सबै परिस्थितिमा धन्यवादी होओ किनकि खीष्टछ येशूमा तिमीहरूको लागि परमेश्वरको इच्छा यही हो ।" "सधैँ सबै कुराको निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाईधन्यवाद चढाओ ।" ( एफिसी ५ : २०) "परमप्रभुमा सधैँ आनन्द गर, म फेरि पनि भन्दछु आनन्द गर ।" ( फिलिप्पि ४ : ४)

किन परमेश्वरले यदि ठूलो कुरालाई सजिलोलिनलाई भन्नुभएको होला ? किनकि हरेक कुरामा धन्यवादी हुनु भनेको हाम्रो ठूलो सम्पत्ति हो । धन्यवाद दिनलाई हामीलाई पनि परमेश्वरको नजिकताको महसुस हुन्छ । उहाँको आज्ञाकारी सन्तानले धन्यवाद दिनसक्छ र त्यो व्यक्तिले जब परमेश्वरलाई धन्यवाद दिनसक्छ भने ऊ अरूप्रति पनि धन्यवादी हुनसक्छ । त्यो व्यक्तिले भन्दछ कि, पिता मैले यी कुरालाई बुझ्न नसके तापनि, बुझेको अनुभव गर्न नसके पनि, म विश्वास गर्ष्दछु कि यो परिस्थितिलाई पार गर्न मसँग तपाईं हुनुहुन्छ र मलाई एक्लै छोड्नु हुँदैन र तपाईंको अनुग्रहले मलाई यो परिस्थिति पार गर्नुलाई प्रशस्त शक्ति दिनुहुन्छ । तपाईंले यसको लागि कन्जुस गर्नु हुँदैन । जुन कुराले मलाई चोट पुऱ्याएको छ, त्यो तपाईंले निकालिदिनुहुन्छ ।"

**(५) लगातार क्षमा दिइरहनुहोस् -** मेरो शत्रु आएर मसँग नम्र हुन्छ अनि क्षमा दिनु भनेर नसोच्नुहोस् । यदि तपाईंले त्यसो गरेर समय कुर्नुभयो भने तपाईंको ठूलो मौका पनि गुम्न सक्छ । जसलाई तपाईंले क्षमा दिएर परमेश्वरको नजिकतामा लैजानु पर्ने थियो । कहिलेकाहीँ शैतानले तपाईंको हृदयमा क्षमा दिन नसक्ने तत्व हालिदिएको हुन्छ जसले तपाईंलाई परमेश्वरको नजिक जानलाई बाधा पुऱ्याइरहेको हुन्छ । तपाईंले क्षमा दिए भने पनि फेरि त्यही तितोपनाले सताइरहनसक्छ ।

जब यस्तो परिस्थिति आउँदछ त्यति नै समयमा तपाईंलाई दुःखमा लैजाने त्यो तपाईंको हृदयमा बसेको तितोपनलाई येशूको नाउँमा निकाल्ने कोशिस गर्नुहोस्, परमेश्वरसँग शक्ति माग्नुहोस् जुन कुराले तपाईंलाई चोट पुऱ्याएको छ, त्यसलाई बिर्सने र सकारात्मक दृष्टिकोणले सोच्ने, विचार गर्ने गर्नुहोस् । अब त्यसलाई क्षमा दिन त्यति ठूलो समस्या हुँदैन । बाइबलमा यसरी भन्दछ, "जसरी परमेश्वरले खीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्काप्रति कोमल मनका र दयालु होओ ।" (एफिसी ४ :३२)

त्यसैले हामीले सधैँ कसरी म उहाँले जस्तै क्षमा गर्न सक्छु भनेर सोच्नुपर्छ र अरूलाई क्षमा गर्दै दिनदिनै क्षमा गर्दै जानुभयो भने तपाईंले पनि खीष्टले जस्तै गर्न त नसक्नुहोला तर खीष्टले भनेजस्तै गर्न सक्नुहुन्छ । परमेश्वरले तपाईंको जीवनमा गर्छु भनेर प्रतिज्ञा गर्नुभएको सम्पूर्ण आज्ञा पूरा गर्नु हुनेछ ।

Taken from forgiveness 1998 byDr. Bill R. Elliff used by Permession

# अन्तिम प्रार्थनाको महत्व

## The Chief End of Prayer

By Andrew Murray

Vol 76 No 9 (909)

जब हामी प्रार्थना गर्दछौं, प्रार्थनाको अन्तमा येशूको नाउँमा भन्दछौं यसको अर्थ येशूले भन्नुभयो, "म पिताकहाँ गइरहेछु, र तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु।" (यूहन्ना १४ : १२ ख - १३)

येशूमा पिताको नाउँको महिमा भएको होस्। येशूले क्रूसमा गर्नुभएका सबै कार्यको सम्झना गरी येशूको नाउँमा हामी माग्दछौं। हरेक प्रार्थनाको उत्तर उेशूको नाउँमा मात्र पाउन सकिन्छ, यदि हाम्रो प्रार्थना येशू ख्रीष्टको नाउँमा भएन भने हामीले उत्तर पाउन सक्दैनौं। परमेश्वरको अनुयायीहरूलाई हरेक कार्यको सफलता येशूको नाउँमा हुन्छ र त्यसबाट परमेश्वर पिताको महिमाको निम्ति भएको हुन्छ। त्यसैले हाम्रो प्रार्थना ख्रीष्टको नाउँमा हुनुपर्दछ।

यो येशू ख्रीष्ट संसारमा हुने समयमा येशूले भन्नुभयो कि मलाई पठाउने पिताको महिमाको निम्ति उहाँको इच्छा पूरा गर्न आएको हुँ। ख्रीष्ट येशू पिताको निम्ति अति नै महत्वको हुनुहुन्थ्यो। उहाँले मुख्य पुजारीलाई पहिलो शब्द नै यही भन्नुभएको थियो, "हे पिता समय आइपुयगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस् र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ। ताकि तपाईंले उसलाई दिनुभएको सबैलाई उसले अनन्न जीवन देओस्। अब अनन्त जीवन यही हो कि, तिनीहरूले तपाईं एक मात्र सत्य परमेश्वरलाई चिनून् र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। अब हे पिता संसारको सृष्टि हुनु अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।" (यूहन्ना १७ : १ - ५) येशूले जुन ठाउँ पिताको महिमाको निम्ति माग्नुभएको थियो। त्यो महिमा यस पृथ्वीमा हुँदा नै गर्नुभयो र अहिलेसम्म पनि पिताको दाहिने बाहुलीपट्टि रहेर उहाँकै महिमाको निम्ति हाम्रो लागि अन्तरबिन्ती गरिरहनु भएको छ।

त्यसैकारण हामीले हरेक थोक माग्दा र हामीले मागेको उत्तर पाउँदा येशूको नाउँमा पिताको महिमाको निम्ति भएको हुन्छ। यस्तो प्रार्थना कहिल्यै पनि उत्तर पाउनलाई फरक पर्दैन। हरेक कुरा हामी जो येशूको नाउँमा माग्दछौं उहाँ विना हिच्किचावटका साथ हामीलाई दिनुहुन्छ। त्यसैले आउनुहोस् उहाँको इच्छा हाम्रो बनाऔं आउनुहोस् पुत्रलाई हाम्रो प्रार्थनाको मध्यस्थकर्ता बनाऔं। यस्तो प्रकारको प्रार्थना नै श्रेष्ठ हुन्छ।

**उहाँको महिमाको निम्ति आनन्दित होऔं -** यसले विशेष गरेर येशूले बताउनुभएको दुई थरी तरबारको बारेमा बुझाउँदछ जुन मानिसले प्रचार गर्दछ त्यो वचनले प्रचारक आफैलाई पनि राम्रोसाग बताइरहेको हुन्छ। यसले सुन्ने र बोल्ने दुवैको हृदयमा काम गरेको हुन्छ। त्यो समयमा त्यो व्यक्ति उहाँको महिमाको निम्ति आनन्दित हुनुपर्छ। येशूले यस पृथ्वीमा रहँदा अन्तरबिन्तीमा प्रतिज्ञा गर्नुभउका कुराले उहाँलाई पहिलो विषयवस्तु बनाउँदछ। उहाँ पिताको महिमाको निम्ति म गर्नेछु भन्नुभयो। त्यस्तै आज हामीले पनि उहाँको महिमाको निम्ति गर्न सक्नुपर्छ। तर गरेका छौं कि छैनौं विचार गरौं। उहाँको जस्तो प्रार्थना आज हामीले गर्न सकेका छौं कि छैनौं। यदि हामी विश्वासी भएर पनि परमेश्वरलाई महिमा हुने काम गर्न आनन्द लिन सकेका छैनौं भने आफैले आफैलाई धोका दिइरहेका छौं। प्रभुलाई हाम्रो सबै अवस्था थाहा छ। हाम्रा सबै कार्य र स्वभाव उहाँलाई सुम्पऔं उहाँले यो गर्नुहुन्छ। यदि आत्मा र शरीर भिन्दाभिन्दै भयो भने घन्टौं प्रार्थना गर्दा पनि जस्ताको तस्तै रहन्छ। जब हामी प्रार्थनामा परमेश्वर पिताको महिमा भएको देख्न सुरु गर्दछौं। हामी आफै प्रार्थनामा ब्युँझिन थाल्छौं अथवा हाम्रो प्रार्थनाको उत्तर

पाएको महसुस गर्दछौँ । त्यसैले हामीले हाम्रो सम्पूर्ण जीवन परमेश्वरको महिमाको निम्ति दिन्छौँ भने मात्रै हामीले उहाँको महिमामा प्रार्थना गर्न सक्छौँ । परमेश्वरलाई महिमा दिनुहोस् र उहाँको महिमाको निम्ति माग्नुहोस् । यसले तपाईंलाई प्रेरणा मिल्नेछ । परमेश्वरको धार्मिकताको महिमाको निम्ति पवित्र बन्नुहोस् । आज्ञाकारिताको प्रार्थनामा मात्र परमेश्वरको महिमा हुन्छ । त्यसैले येशूले भन्नुभयो, “पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु ।”

यो माग प्रार्थनासँग सम्बन्धित छ, त्यो पिताको महिमाको निम्ति होस् । यो भन्दा अर्को कुनै उपाय छैन । न त अरू कुनै भगवान्ले न कुनै बनाइएका थोहले मुक्ति दिन सक्छ त्यो त केवल खीष्ट येशूमा मात्र छ । सबै उहाँले रच्नुभएका थोकहरूले उहाँकै महिमा गर्नेछ । ती थोकहरूले पापबाट मुक्ति दिन सक्दैन अथवा परमेश्वरले बनाएका थोक महिमाका योग्य छैन तिनीहरूले पनि परमेश्वरको महिमा गर्नेछन् । मानिसको पुत्रले के गर्नुभयो त ? आफैले आफैलाई पवित्र राख्नुभयो, उहाँको पूर्ण जीवन पिताको महिमाको निम्ति खर्च गर्नुभयो, सम्पूर्ण पापीको छुटकाराको निम्ति पिताको आज्ञामा पूर्ण आज्ञाकारी बन्नुभयो । त्यसैकारण उहाँलाई ग्रहण गर्ने र उहाँको सन्तान हुनेहरूलाई स्वर्गीय मुकुट साँचेर राखिदिनुभएको छ । उहाँले आफ्नो सम्पूर्ण जीवन दिएर पिताको महिमा गर्नुभएको छ र सम्पूर्ण पापीलाई पापबाट छुटकारा दिई मानिसलाई मुक्त र स्वतन्त्र पार्नुभएको छ । सम्पूर्ण अधिकार र महिमाको मुकुटको माग उहाँको हातमा दिइएको छ । जस-जसले उहाँमा अन्तरबिन्ती प्रार्थना गर्दछ त्यसलाई उहाँले पिताकहाँ पुऱ्याउने काम मध्यस्थकर्ता भएर काम गर्नुभएको छ । त्यसैले खीष्टमा एक भएर माग्यौं भने त्यो पिताको महिमाको निम्ति हामीलाई गरिने छ । त्यसैले तिमीहरूले “जे पनि मागौँला खीष्ट येशूको नाउँमा मात्र माग्नेछौ ।”

**येशूद्वारा मात्र :** हाम्रो लक्ष्य भनेको खीष्टद्वारा पिताको महिमाको निम्ति हुनुपर्छ यदि यो भएन भने हामी सहभागी हुन सक्दैनौँ । मानिसले पाएको जीवन खीष्टद्वारा मात्र हो । हामी उहाँमा मात्र भेटिन्छौँ वा हाम्रो महत्व उहाँमा मात्र छ । उहाँको जीवन हाम्रो निम्ति अर्पण गर्नुभयो, त्यसैले त्यो जीवन हामीमा सरेको छ । जुन जीवन हामीले खीष्टले पाउने ठाउँ पाएका छौ । यो जीवन आफ्नै कोशिसले पाउन सकिँदैन । परमेश्वरले यदि तिमीहरू ममा रह्यौ र मेरा कुरा तिमीहरूमा रहे भने जे मागे पनि म तिमीहरूसँग हुनेछु भन्नुभएको छ । उहाँले हामीमा अधिकार गर्नुहुन्छ । येशू खीष्ट आफै हाम्रोहृदयमा आउनुहुन्छ र हाम्रो हृदयमा भएका सबै अन्ककारका शक्तिलाई निकालिदिनुहुन्छ । येशूले हाम्रो प्रार्थना सुनेर पिताको महिमा दिन पर्खिरहनुभएको छ ।

कुन शक्तिले हृदयका कुरालाई पिताको महिमाको निम्ति हामीलाई गरिदिनुहुन्छ होला ? त्यो हामी सबैलाई थाहा नै छ कि मेरा पितासँग भएकोसबै अधिकार र शक्ति मलाई दिइएको छ भन्नुभएकोछ । त्यही शक्तिद्वारा यो गर्नुहुन्छ । आउनुहोस् उहाँमा विश्वास गरौं र आराधना गरौं । उहाँलाई नै महिमा दिऊँ कि जो चाहिँ अनन्तदेखि अनन्नसम्म एक समान हुनुहुन्छ । हामी हृदयदेखि भनौं कि खीष्टमा मात्र पिताको महिमा हुन्छ । येशूको यो इच्छालाई हामीले कहिल्यै पनि बन्द नगरौं । हाम्रो प्रार्थनाको उत्तरबाट परमेश्वलाई महिमा मिलेको होस् । परमेश्वरको महिमाको निम्ति खीष्टमा एउटा उदाहरणको प्रार्थना गर्न सिकौं ।

**हामी थोरै मात्र परमेश्वरभन्दा तल छौँ :** जब हामी हाम्रो समाजमा कसैको निम्ति प्रार्थना गर्दछौँ र परमेश्वरले पुत्रको नाउँमा अचम्मको काम गर्नुहुन्छ, तब हामीलाई अति नै खुसी लाग्दछ । परमेश्वरले गर्नुहुने सबै काम हामी गर्न सक्छौँ तर खीष्ट येशूमा रहेर पिताको महिमाको निम्ति मात्र । कहीँ पनि हाम्रो प्रार्थनाको उत्तर नपाएको सुनेका छैनौँ । हामी खीष्टमा पवित्र रहेर काम गरेर मात्र उहाँले यो गर्नुहुन्छ । खीष्ट विना हाम्रो प्रार्थना र विश्वास सफल हुन सक्दैन । त्यसैले खीष्टले भन्नुभयो, “तिमीहरूले कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक अर्काबाट सम्मान खोज्छौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ ।” ( यूहन्ना ५ : ४४)

सबै कामबाट आफ्नै महिमा वा मैले गरेको कारण यो भनेको भनेर आफैलाई प्रशंसा गऱ्यौं भने, यसले हाम्रो सबै विश्वासमा धज्जी उडाएकोहुन्छ । मानिसले मानिसको महिमा गरेको हुन्छ । प्रभुले हामी असल बनोस् भन्ने

चाहना राखिरहनु भएकोहुन्छ तर हामीले त्यसको ठीक उल्टो गरिरहेका हुन्छौँ । त्यसैले आउनुहोस् हामी परमेश्वरमा समर्पित होऔँ र उहाँलाई महिमा दिऔँ । अनि उहाँले हाम्रो प्रार्थना सुन्नु हुनेछ । जहाँ परमेश्वरको महिमा हुने प्रार्थना भएको हुन्छ, त्यहाँ प्रार्थनाको सुनुवाई भएको हुन्छ । यदि उहाँको महिमा विनाको प्रार्थना भयो भने कसरी उहाँलाई घरि घरि माग्न सकिन्छ र ? त्यसैले पश्चातापद्वारा सुरु गरौं, उहाँको नजिक सजिलै पुग्न सकिन्छ । हाम्रो छोटो जीवनमा कति धेरै खीष्टलाई महिमा दिन सकिन्छ, हामी यस संसारमा कति रहन्छौँ त्यो समय उहाँको महिमा हुने काम गरौँ किनकि उहाँले हामीलाई यसकै निम्ति बनाउनु भएको हो र उहाँको चाहना पनि यही नै हो । पवित्र आत्माले पूर्ण रूपमा परिवर्तन नगरुन्जेल हामी उहाँको खोजीमा लागौँ । उहाँलाई महिमा दिई नै रहौँ । जब परमेश्वरले सत्यको ज्ञानले पूर्ण रूपमा भरिदिनुहुन्छ तब मात्र हामीले उहाँको महिमा हुने काम गर्न सक्दछौं । जब हामी पापको निम्ति पश्चाताप गर्दछौँ तब सबै पापबाट छुटकारा पाई स्वतन्त्र हुन्छौँ ।

**येशूलाई हेर्नुहोस् :** आउनुहोस् येशूलाई हेरौँ । उहाँको मृत्युले पिताको महिमा भएको छ । खीष्टको मृत्युद्वारा पितालाई महिमा दिनुभएको छ । खीष्टले आफू संसारमा रहेर कार्य गरेर भन्दा आफ्नो क्रूसको मृत्युले पिताको बढी महिमा हुने भएकोले यसलाई रोज्नुभयो । यदि उहाँको क्रूसको मृत्यु नभएको भए उहाँलाई विश्वास गर्नेलाई कसरी छुटकारा दिन सक्नुहुने थियो र ? त्यसैले उहाँले मृत्युलाई नै छान्नुभयो । उहाँ जीवित रहनुहुँदा परमेश्वर पिताको महिमाको निम्ति कार्य गर्नुभयो, मृत्युमा पनि उहाँले पिताको महिमाको निम्ति नै गर्नुभयो र उहाँको शक्तिले आज पनि हामीभित्र काम गर्दै हुनुहुन्छ । यदि हामीले उहाँलाई विश्वास गऱ्यौं भने मात्र यो पूरा हुनसक्छ । त्यसैले हाम्रो अविश्वासलाई त्यागेर उहाँमा विश्वास गर्दै उहाँको महिमा हुने कार्य गरौँ । परमेश्वरलाई मन पर्ने आराधना दिँदै पवित्र आत्माको शक्तिमा हरेक कार्यबाट उहाँलाई महिमा हुन सकेको होस् ।

त्यसैले हाम्रो प्रार्थनामा आनन्द, शक्ति र शान्ति सहितको भक्तिमा खीष्ट येशू खुसी हुनुहुन्छ भन्ने हामीलाई थाहा हुनुपर्छ । यदि हामी परमेश्वरसँग केही कुरा माग्छौँ भने येशूको नाउँमा पितालाई महिमा हुने प्रकारको क्रमबद्ध तरिकाले माग्नु पर्छ । "तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु ।" हामी मानिस भएको कारणले कतिचोटि प्रार्थना गर्दा आफ्नै इच्छामा गर्न खोजिरहेका हुन्छौँ तर बाइबलले हामीलाई पवित्र आत्माको शक्तिमा पुत्रको नाउँमा पितालाई महिमा हुने प्रकारले माग्न सिकाउँदछ । कहिलेकाहीँ हाम्रो प्रार्थनाको उत्तर हामीले पाउन सकिरहेका हुँदैनौँ, यसको कारण स्वार्थी प्रार्थना हो । परमेश्वरको इच्छालाई वेवास्ता गरेर आफ्नो इच्छामा प्रार्थना गर्नु र उहाँको प्रतिज्ञालाई बिर्सनुले नै मानिसलाई प्रार्थनाको उत्तर पाउनदेखि टाढा राख्दछ । त्यसले हामीलाई चोट पुऱ्याउँदछ किनकि यस्तो प्रकारको प्रार्थना लामो हुँदैन, सुन्दर हुँदैन र आशिषमय हुँदैन । साथै त्यसले पिताको महिमा दिँदैन । हामीले गर्ने प्रार्थनामा एकमात्र पुत्रको नाउँबाट पितालाई महिमा हुने प्रकारको हुनुपर्दछ किनकि पिता, पुत्र र पवित्र आत्मा एक आपसमा परिपूरक हुनुहुन्छ ।

## बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

**नियमित बाइबल पढ्ने बानी बसालौँ**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सहृ-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com